१४ औं गाउँसभामा उपाध्यक्ष श्री बाल कुमार मल्ल ठकुरीज्यूले सम्वत् २०८१ असार १० गते प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८१/०८२ को

# बजेट वक्तव्य

स्थानीय सरकार

# कैलाश गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

कालिकाटार, मकवानपुर

**गाउँसभाका सभाध्यक्षज्यू**

**गाउँसभा सदस्यज्यूहरू,**

**गाउँसभाका सचिवज्यू**

**उपस्थित कर्मचारीहरु, सुरक्षाकर्मी, सञ्चारकर्मी मित्रहरु एवम् उपस्थित सम्पूर्ण महानुभावहरु।**

१. नेपालको संविधानको धारा २३० मा राजस्व र व्ययको अनुमान गाउँ सभामा पेस गरी पारित गराउनु पर्ने संवैधानिक व्यवस्था अनुरुप कैलाश गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न गर्न गईरहेको छु।

२. प्रस्तुत बजेटलाई स्थानीय पूर्वाधार विकास, स्थानीय उत्पादन र उत्पादकत्वमा जोड, स्थानीय स्रोत साधनको उच्चतम प्रयोग, पर्यटन क्षेत्रको विकास मार्फत स्थानीय आर्थिक वृद्धिमा केन्द्रित रही बजेट प्रस्तुत गरेको छु।

३. हामीलाई संघ तथा प्रादेशिक सरकारबाट प्राप्त अन्तरसरकारी वित्तीय अनुदान, गाउँपालिकाको आन्तरिक राजस्व लगायतका स्रोतको वस्तुनिष्ठ तवरले बजेट विनियोजन गरी विनियोजन कुशलता मार्फत कार्यान्वयन दक्षतामा समेत निखार ल्याएर बजेट कार्यान्वय कार्ययोजनाको निर्माण गरी बजेट तथा कार्यक्रमबाट अपेक्षित नतिजा हासिल गर्दै **"स्वच्छ, शिक्षित एवं समृद्ध कैलाश; कृषि, पर्यटन र पूर्वाधारको योजनावद्ध विकास"** भन्ने सोचलाई सार्थक तुल्याउने अपेक्षा गरेको छु।

४. यस अवसरमा लोकतान्त्रिक व्यवस्था स्थापनाका लागि भएका ऐतिहासिक जनआन्दोलन लगायतका विभिन्न सङ्घर्षका आन्दोलनमा आफ्नो प्राणको प्रवाह नगरी आहुति दिनुहुने ज्ञात अज्ञात अमर सहितहरुप्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु। घाइते तथा बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान तथा परिवारप्रति गहिरो सहानुभूति समेत प्रकट गर्न चाहन्छु।

५. नेपालको संवैधानिक व्यवस्था अनुरुप संघीय शासन प्रणालीको प्रारम्भसँगै स्थानीय तह सदस्य निर्वाचन, २०७९ सम्पन्न भई स्थानीय तहमा निर्वाचित भएको दुई वर्षको अवधि पुरा भएको छ। हामी जनप्रतिनिधिहरुको पद वहालीसँगै

कैलाश गाउँपालिकाको समग्र विकास र समृद्धिप्रति चिन्तन मनन गर्दै आम नागरिकको जीवनस्तर परिवर्तन र लोकतन्त्रको आधारशिला निर्माण गर्न हाम्रो अथक प्रयास जारी रहेको छ।

६. आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानले परिकल्पना गरेको व्यवस्थालाई कार्यान्वयन गर्न स्थानीय तहले खेल्नुपर्ने भूमिका, संघीय तथा प्रादेशिक सरकारको नीति तथा कार्यक्रम, गाउँपालिकाको आवश्यकता र प्राथमिकताका विषय, आवधिक योजना, दिगो विकास लक्ष्य, मध्यमकालीन खर्च संरचना र गाउँपालिकाको नीति तथा कार्यक्रमलाई आधार मानेको छु।

७. आगामी आर्थिक वर्षको व्ययको अनुमान गर्दा आर्थिक मितव्ययिता, विनियोजन कुशलता, कार्यान्वयन क्षमता, उपलब्ध अन्तर सरकारी वित्तीय अनुदान र गाउँपालिकाको आन्तरिक स्रोत साधनको सीमिततालाई समेत ध्यानमा राख्दै गाउँपालिकाको लक्ष्य, उद्देश्य तथा पालिकाबासीहरुको विकासको आवश्यकता एवं अपेक्षालाई प्राथमिकता दिएको छु।

८. कैलाश गाउँपालिका भौगोलिक रुपमा २०४.४८ वर्ग किलोमिटरमा फैलिएको, १० वटा वडाहरु रहेको तथा वस्तीहरु छरिएर रहेको अवस्थामा सीमित स्रोत साधनबाट आम नागरिकहरुको अपेक्षा एवं गाउँपालिकाको लक्ष्य र उद्देश्य साकार पार्न प्रयत्नरत रहेको सन्दर्भमा गाउँपालिकाका महत्वपूर्ण र नागरिकको जीवनस्तरसँग प्रत्यक्ष सरोकार राख्ने योजनाहरुलाई स्रोतको सुनिश्चित गरी वहुवर्षीय ठेक्का प्रणाली मार्फत कार्यान्वयनमा लैजाने छौं।

९. आमजनाताको विकास र समृद्धिको चाहनालाई सम्बोधन गर्ने तथा सीमान्तकृत, पछाडी परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदाय लगायत लक्षित वर्गहरुलाई आर्थिक लाभको पहुँचमा पुर्याउने र सशक्तिकरण गर्न तर्फ केही हदसम्म भए पनि बजेट तथा कार्यक्रमलाई लक्षित गरेको छु।

१०. बजेट निर्माणका क्रममा स्थानीय समाजसेवी, राजनीतिक दल, वुद्धिजीवि वर्ग, विषयगत समिति तथा स्थानीय नागरिक एवं सरोकारवालाहरुसँगको परामर्श, टोल वस्तीको भेलाबाट योजना छनौट विधि र पद्धतिको सघन अनुशरण गरिएबाट

आगामी आर्थिक वर्षका लागि स्वीकृत योजना तथा कार्यक्रम उपर आम नागरिक र सरोकारवाला पक्षको स्वामित्व र अपनत्व रही सहज कार्यान्वयनमा सफलता हासिल हुने विश्वास लिएको छु।

११. संघीय तथा प्रादेशिक सरकारबाट हस्तान्तरित सशर्त अनुदान कार्यक्रम, समपुरक, विशेष तथा समानीकरण अनुदान र सामाजिक सुरक्षा कार्यक्रममा प्राप्त हुने अनुदानलाई सम्बन्धित कार्यक्रममा खर्च हुने गरी व्यवस्था मिलाएको छु।

**सभाध्यक्ष महोदय,**

अव म चालु आर्थिक वर्ष २०८०/०८१ को हालसम्मको संक्षिप्त वित्तीय प्रगति र मुख्य मुख्य उपलब्धिहरु प्रस्तुत गर्दछु।

चालु आर्थिक वर्ष २०८०/०८१ मा संशोधित कुल बजेट रु ५२ करोड ४२ लाख ५५ हजार ३ सय ५ रुपैंया विनियोजन भएकोमा चालु तर्फ रु २० करोड १५ लाख ४५ हजार ३ सय ८० रुपैंया र पूँजीगत तर्फ रु ३२ करोड २७ लाख ९ हजार ९ सय २५ रुपैंया विनियोजन गरिएको थियो। हालसम्म चालु तर्फ रु २२ करोड १० लाख ९७ हजार २ सय १६ रुपैंया अर्थात ६८.५१ प्रतिशत र पूँजीगत तर्फ रु ११ करोड ८८ लाख ५० हजार ४ सय ५१ रुपैंया अर्थात ५८.९६ प्रतिशत खर्च भएको देखिन्छ। समग्रमा कुल बजेटको रु ३३ करोड ९९ लाख ४७ हजार ६ सय ६७ रुपैंया अर्थात ६४.८४ प्रतिशत खर्च भएको छ।

ठूला प्रकृतिका योजनाहरु ठेक्का मार्फत कार्यान्वयन भएको र प्राविधिक मूल्यांकन एवं अनुगमन लगायतका कार्य बाँकी रहेको हुँदा २०८१ असारको तेस्रो हप्तासम्म भुक्तानी हुँदा पूँजीगत खर्च करिव ७५ प्रतिशत र चालु खर्च ८० प्रतिशत भन्दा बढी हुने आंकलन गरिएको छ।

कैलाश गाउँपालिकाले गत आर्थिक वर्षको स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) मा ६१.५ प्रतिशत मात्र प्राप्त भएको छ। LISA को १० वटा विषयक्षेत्रहरुमध्ये वार्षिक बजेट तथा योजना व्यवस्थापन, भौतिक पूर्वाधार, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन, सहकार्य र समन्वयमा ५० र सोभन्दा कम अंक प्राप्त भएकोले यी लगायतका क्षेत्रहरुमा व्यापक सुधार गर्नुपर्ने आवश्यक देखिएको छ।

त्यसैगरी स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन (Fiduciary Risk Reduction) मा ७०.५ प्रतिशत प्राप्त गरेका छौं।

(१) यस आर्थिक वर्षमा गाउँपालिकाले ६,३१९ मिटर नयाँ ट्र्याक खनिएको छ भने पुराना ट्र्याक सुधारको कार्य भने १८,८१० मिटर सम्पन्न गरेको छ। त्यसैगरी पक्की नाला (कुलो) ३,५६५.४५ मिटर निर्माण गर्नुका साथै ५५६.८१ घन मिटर ढलानको काम सम्पन्न गरिएको छ।

(२) पर्खाल २,७९७.८६ घन मिटर, ग्याविन १,३४० घनमिटर, ग्राभेल ४४६ मिटर, खानेपानी टयाङ्की ४ वटा, भवन १८ वटा, भवन मर्मत सम्भार ४ वटा, खेल मैदान २ वटाको निर्माण कार्य सम्पन्न गरिनुका साथै सोलिङ्ग ५००.३ मिटर गरिएको छ।

(३) गाउँपालिकाले ग्रामिण पुनर्निर्माण नेपाल संस्थासँगको साझेदारीमा २६२ वटा धाराहरु निर्माण सम्पन्न गरेकोछ। यसबाट करिव १६० घरधुरी लाभान्वित भएका छन।

(४) तरकारी वाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत विभिन्न ७ वटा कृषक समूह, सहकारी तथा व्यक्तिगत फर्महरुलाई मिनिट्रिलर, तरकारीका विउविजन, स्प्रेयर पम्प, विषादी तथा सुक्ष्म तत्वहरु वितरण गरिएको छ। यस कार्यक्रमबाट २ हजार घरधुरी लाभान्वित भएका छन।

(५) मकै वाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत विभिन्न ६ वटा कृषक समूहहरुलाई मिनिट्रिलर, मकै छोडाउने मेसिन, मकै रोप्ने मेसिन, मकैको विउ तथा मकै कुटानी पिसानी मेशिन, फौजी किरा मार्ने विषादी वितरण गरिएको छ। यस कार्यक्रमबाट ३ हजार घरधुरी लाभान्वित भएका छन।

(६) अदुवा वेसार प्रवर्द्धन कार्यक्रम अन्तर्गत विभिन्न ३ वटा कृषक समूह, सहकारी तथा व्यक्तिगत फर्महरुलाई अदुवाको विउ र ढुसी नासक एवं सुक्ष्म तत्वहरु प्रदान गरिएको छ। यस कार्यक्रमबाट १५ सय घरधुरी लाभान्वित भएका छन।

(७) गाउँपालिकाले यस आर्थिक वर्षमा पशु पालन प्रवर्द्धन गर्न, दुध तथा दुग्धजन्य पदार्थमा आत्मनिर्भर बन्न र किसानलाई व्यवसायी तथा उद्यमशील बनाई उनीहरुको आर्थिकस्तर वृद्धि गर्ने उद्देश्यले कृषि फर्म, कृषक समूह तथा व्यक्तिगत फर्महरु मार्फत १२ जना किसानहरुलाई उन्नत जातको १२ वटा दुधालु भैसी वितरण गरियो।

(८) मौरी व्यवसायलाई प्रवर्द्धन गर्नका लागि गाउँपालिकाले वडा नं. ८ र १० का २ वटा कृषि फर्महरुलाई मौरीको घार लगायतका मौरी पालनका लागि आवश्यक पर्ने सामाग्रीहरु वितरण गरिएको छ।

(९) यस आर्थिक वर्षमा किसानको माग बमोजिम वर्ण शंकर धानको विउ उपलब्ध गराउन ४ वटा कृषक समूह तथा सहकारी संस्थाहरुसँग गाउँपालिकाले सम्झौता गरी कृषक समूह तथा सहकारी संस्थाहरुले नै धानको विउ खरिद गरी किसानहरुलाई समेत वितरण गरिएको छ। यस कार्यक्रमबाट करिव ३ हजार किसानहरु लाभान्वित भएका छन।

(१०) गाउँपालिकाले यस आर्थिक वर्ष २०८०/०८१ मा संविधानको अनुसूची-८ मा तोकिएका एकल अधिकार सूची तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लिखित काम, कर्तव्य र अधिकार बमोजिम सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन निर्देशिका-४ वटा, कार्यविधि-८ वटा, मापदण्ड-३ वटा, ऐन-१ वटा, नियमावली-१ वटा र नीति-१ वटा, आचार संहिता-१ गरी १९ वटा कानूनहरु निर्माण गरी कार्यान्वयनमा ल्याईएको छ।

(११) चालु आर्थिक वर्षमा सम्पन्न १३ औं हिउँदे गाउँसभाबाट गाउँपालिकाले गाउँपालिकाको आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी १२३ जनाको कुल दरबन्दी रहने गरी दरबन्दी स्वीकृत गरेको छ भने सोको आधारमा गाउँपालिकाको संगठन संरचना (Organogram) समेत स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको छ।

(१२) गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा विद्युतीय हाजिरी जडान गरी कर्मचारीहरुको नियमित उपस्थितिलाई जोड दिई कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई प्रभावकारी बनाईदैं आएको छ।

(१३) प्रत्येक शाखाका शाखा प्रमुख, वडा सचिव तथा अन्य कर्मचारीहरुसँग कार्यसम्पादन करार सम्झौता गरिनुका साथै वार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरु समयमै सम्पन्न गर्नका लागि शाखागत रुपमा वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना तयार गरी लागू गरिएको छ।

(१४) गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाह एवं कार्यक्रमहरु नागरिक समक्ष सुसूचित गर्नका लागि गाउँपालिकाले वेवसाइट तथा फेसबुक पेजलाई सक्रिय बनाई प्रयोगमा ल्याएको छ।

(१५) केही वडाहरुमा इन्टरनेटको समय समयमा हुने समस्याका कारण बाहेक सबै वडा कार्यालयहरु तथा गाउँ कार्यपालिकाको कार्यालयको राजस्व संकलन गर्ने कार्य सुत्र प्रणालीमा रहेको राजस्व मोडलको विद्युतीय प्रणाली प्रयोगमा ल्याईएको छ।

(१६) गाउँपालिकाको सेवा प्रवाहलाई फेसलेस, क्यासलेस बनाउने नीति अनुरुप सबै प्रकारका भुक्तानी प्रकृयालाई Electronic Fund Transfer-EFT मार्फत गरिदैं आएको छ।

(१७) गाउँपालिकाले गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक, शिक्षा, स्वास्थ्य, वन तथा वातावरण लगायतका क्षेत्रगत विषयहरु प्राथमिकस्तरको तथ्याङ्क सर्वेक्षण गरी विस्तृत रुपमा वस्तुगत विवरण सहितको डिजिटल प्रोफाइल तयार गरी कार्यान्वयनमा ल्याएको छ।

(१८) आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षणबाट प्रारम्भिक प्रतिवेदनमा देखिएको बेरुजु रु २ करोड २५ लाख ६० हजार १ सय ९१ रुपैंया मध्ये रु ४८ लाख ६ हजार १ सय ४३ रुपैंया अर्थात २०.३० प्रतिशत वेरुजु फछ्यौट गरिएको छ। बाँकी वेरुजु समयमै फछ्यौट गर्न आवश्यक तयारी समेत भैरहेको छ।

(१९) नियमित खोप सेवा सुधार तथा पूर्ण खोप सुनिश्चितता र दिगोपना कार्यक्रम सम्पन्न भएको र सो अन्तर्गत गाउँपालिका भित्रका ५ वर्ष मुनिका ८७० जना बालबालिकाहरुलाई घरमा गई छुटेका खोप लगाई पूर्ण खोप पुरा गरिएको छ।

(२०) प्रजनन रुगणता स्वास्थ्य सेवा अन्तर्गत बैकुण्ठ र डाँडाखर्क स्वास्थ्य चौकीमा सेवा सञ्चालन गरी करिव १८० जना ३० वर्ष माथिका महिला हरुको पाठेघरको मुख परीक्षण गर्ने कार्य सम्पन्न गरिएको छ।

(२१) परिवार नियोजन सेवा अन्तर्गत डिको स्वास्थ्य चौकी पुन्य ,देवी स्वास्थ्य चौकी र पकनी आधारभूत स्वास्थ्य सेवा केन्द्रमा गरी कुल ९२ जना महिलाहरुलाई लामो अवधिको साधन इम्प्लान्ट लगाई अस्थायी परिवार नियोजन सेवा प्रदान गरिनुका साथै ५ जना पुरुषलाई स्थायी बन्ध्याकरण गर्ने कार्य सम्पन्न गरिएको छ।

(२२) स्वास्थ्यका कार्यक्रमहरुको डाटा भेरिफिकेसन र अर्धवार्षिक समीक्षा तथा वार्षिक समीक्षा गोष्ठी तथा मासिक बैठकहरु गरी कुल ८ पटक सञ्चालन

गरियो। यस सन्दर्भमा स्वास्थ्य संस्थाहरुको अभिलेख र प्रतिवेदनको लागि कम्प्युटर नभएको सम्पूर्ण स्वास्थ्य संस्थामा ट्याव उपलब्ध गराई समयमै मासिक रिपोर्टिङ्ग गर्ने पद्धतिको थालनी गरियो। हाल स्वास्थ्य संस्थाहरुको समयमै रिपोर्टिङ्ग करिव सत प्रतिशत रहेको छ।

(२३) आत्महत्या न्यूनीकरण दिवसको अवसर पारेर श्री भवानी माध्यमिक विद्यालयको कक्षा ९ र १० का १२५ जना छात्रछात्राहरुलाई आत्महत्या र त्यसका कारण तथा व्यस्थापनको विषयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी विद्यार्थीहरुलाई सचेतना गराउने कार्य सम्पन्न गरिएको छ।

(२४) गाउँपालिकाले कोभिड-१९ विरुद्ध खोप अभियान तथा बुस्टर डोज समेत सञ्चालन दादुरा ,रुवेला खोप अभियान सञ्चालन गरी गाउँपालिका भित्र दादुरा अभियान सञ्चालन गरी ९८ प्रतिशत बालबालिकालाई दादुरा रुबेला बिरुद्ध खोप लगाईएको छ।

(२५) सक्रिय क्षयरोग खोजपडताल कार्यक्रम अन्तर्गत डाँडाखर्क र नामटार स्वास्थ्य चौकीमा Sputum Microscopy कार्यक्रम राखी त्यस क्षेत्रका २१६ जना लक्षितलाई खकार परीक्षण गरी सम्भावित ७ जना क्षयरोगी पत्ता लागेको र जेन एक्स्पर्ट टेस्टको लागि जनस्वास्थ्य कार्यलय मकवानपुर,पठाईएको छ।

(२६) गाउँपालिकाका ४९ वटा विद्यालयहरुका विद्यार्थीहरुलाई पोषण सम्वन्धी स्वास्थ्य शिक्षा प्रदान गरिनुका साथै पोषण प्रदर्शनी कार्यक्रम सञ्चालन गरिएको छ।

(२७) गाउँपालिकाले स्वास्थ्यकर्मीहरु परिचालन गरी गर्भवती र सुत्केरी तर्फ कडा कुपोषित ७ जना र मध्यम कुपोषित ३४ जना फेला परेको छ भने बालबालिका तर्फ कडा कुपोषण १० जना र मध्यम कुपोषित ३८ जनाफेला परेकोछ। यसरी कुपोषणको मारमा परेका गर्भवती तथा सुत्केरी एवं बालबालिकालाई पोषण कार्यक्रम अन्तर्गत पोषण कोसेली र २१ वटा वोयर जातको बाख्रा वितरण गरिएको छ।

(२८) गर्भवती पोषण प्रवर्द्धन तथा रक्षा कार्यक्रम अन्तर्गत १० वटै वडामा रहेका २३८ जना गर्भवती तथा सुत्केरी महिलाहरुलाई पोषण कोसेली प्रदान गर्ने कार्यक्रमको शुरुवात गरेसँगै स्वास्थ्य संस्थामा नियमित स्वास्थ्य चेकजाँच गराउने महिलाको संख्यामा बढोत्तरी भएको छ।

(२९) कृषि तथा पशु एवं अन्य पोषणसँग सम्बन्धित शाखाका ३२ जना कर्मचारीहरुलाई पोषण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी शाखागत रुपमा विनियोजित  कार्यक्रमहरु कार्यान्वयन गर्दा अन्तरशाखा समन्वय र सहकार्यको विकास गरी त्यस्ता कार्यक्रमलाई स्वास्थ्यको दृष्टिकोणबाट सञ्चालन गर्ने कार्यको थालनी भएको छ।

(३०) गाउँपालिकाले पशुलाई लाग्ने रोगहरु नियन्त्र तथा रोकथाम गर्ने उद्देश्यले चरचरे, पटके, पिपिआर, पेट फुल्ने, छालामा घाउ रोक्ने, नाम्ले जुका, छेर्ने तथा थुनिलो जस्ता रोगहरु नियन्त्रका लागि औषधीहरु खरिद गरी कृषक समूह तथा किसानहरुलाई वितरण गरिएको छ।

(३१) गाउँपालिकामा आमाबुवा विहीन बालबालिकाको संरक्षण कार्यक्रममा आमा र बुबा दुबैको मृत्यु भएको वा  दुबै बेपत्ता भएका तथा दुबैको संरक्षण रेखदेख बाट बञ्चित परेका आमाबुवा विहीन  १८ बर्ष उमेर नपुगेका र विद्यालय गइरहेका तथा अरुको संरक्षणमा रहेको विद्यार्थीहरुलाई सम्बन्धित वडा कार्यालयको सिफारिसमा मासिक प्रति विधार्थी रु २ हजारको दरले २४ जना विद्यार्थीलाई आर्थिक सहायता प्रदान गरिएको छ।

(३२) विपन्नसँग अध्यक्ष कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ बमोजिम गाउँपालिका भित्रको आर्थिक रुपले विपन्न, लैङ्गिक हिंसाबाट प्रभावित, पिछडिएका र सीमान्तकृत समूदायका महिला, दलित, जनजाती र अपाङ्गता भएका व्यक्तिमध्ये छनौट हुन आएका १७ जनालाई जीविकोपार्जनमा सुधार गर्न रु २० हजारका दरले अनुदान रकम प्रदान गरिएको छ।

(३३) ९० वर्ष र सो भन्दा माथि उमेर समूहका ५२ जना सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुलाई प्रति लाभग्राही १ थान ब्लाङ्केट र १ वट्टा १ के.जि. को हर्लिक्स वितरण गरिएको छ।

(३४) गाउँपालिकाको बालविवाह न्यूनीकरण एवं छात्राहरुको शैक्षिकस्तर अभिवृद्धि गर्ने नीति एवं चेली प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ बमोजिम प्रविणता पत्र उत्तीर्ण गरी २० वर्ष उमेर पुगेपछि विवाह गर्ने ८ जना चेलीहरुलाई सम्मान स्वरुप प्रति व्यक्ति रु २० हजार र प्रमाणपत्र वितरण गरिएको। यस अभियानले बालविवाह न्यूनीकरणमा र छात्राहरुको शैक्षिकस्तर सुधारमा सहयोग गरेको पाईएको छ।

(३५) सशस्त्र द्वन्द्वमा शहिद भएका व्यक्तिका शहिद परिवारलाई जीविकोपार्जनमा सहजीकरण र आर्थिक स्थितिमा सुधार ल्याउने उद्देश्यकासाथ ५ शहिद परिवारलाई सिलाई मिसिन तथा धान, मकै, गहुँ कुटानी पिसानी मिल वितरण गरिएको छ।

(३६) अपाङ्गता सम्बन्धी पुर्नस्थापना कार्यक्रम अन्तर्गत कैलाश गाउँपालिका र सुन्दरढोका साथी सेवा संस्थाको समन्वय र सहजीकरणमा १० जना मध्ये ४ जना गम्भीर प्रकृतिका अपाङ्गता भएका व्यक्तिलाई स्वास्थ्योपचारका लागि काठमाडौं पठाईएको र बाँकी ६ जना सामान्य प्रकृतिका अपाङ्गता भएका व्यक्तिलाई सहयोगी सामाग्रीहरु वितरण गरियो।

(३७) छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८० को अधिनमा रही चालु आर्थिक वर्षमा १ जना एम.वि.वि.एस विद्यार्थी सहित १३ जना गरिव, जेहेन्दार, दलित तथा प्राविधिक छोरी बुहारी विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरिएको छ। साथै एम.वि.वि.एस. विद्यार्थीलाई रु ३ लाख र अन्य विद्यार्थीहरुलाई शिक्षण संस्थाको शुल्कका आधारमा अतिकतम रु २५ हजार छात्रवृत्ति प्रदान गरिएको छ।

(३८) गाउँपालिकाका ४८ वटा सामुदायिक विद्यालयमा सूचना प्रविधिसँग सम्बन्धित कार्य गर्ने शिक्षकहरुलाई १ दिने IEMIS सम्बन्धी तालिम प्रदान गरिएको छ।

(३९) कक्षा १ देखि ३ सम्म अध्यापन गर्ने ४५ जना शिक्षकहरुलाई एकीकृत पाठ्यक्रम सम्बन्धी १ दिने कस्टमाइज्ड (Customised) तालिम उपलब्ध गराईएको छ।

(४०) सामुदायिक विद्यालयका तहगत तथा विषयगत शिक्षकहरुलाई गणित र विज्ञान तथा सेरोफेरो विषयका ३ दिने पुनःर्ताजकी तालिम सञ्चालन गरिएको छ।

(४१) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्रधानाध्यापकहरुलाई २ दिने क्षमता विकास तालिम समेत सम्पन्न गरिएको छ।

(४२) गाउँपालिकाले गत आर्थिक वर्षमा निर्माण गरेको स्थानीय पाठ्यक्रम बमोजिम कक्षा ६, ७ र ८ को स्थानीय पाठ्यपुस्तक निर्माण गर्ने कार्य अन्तिम चरणमा पुगेको छ।

(४३) गाउँपालिकाले शिक्षक विद्यार्थीको अनुपातको आधारमा शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापनको कार्य गर्नुका साथै कैलाश-८ मा अवस्थित श्री शिद्धिगणेस प्राविलाई सोही वडाको श्री धुवाङ्ग माध्यमिक विद्यालयमा समायोजन गर्ने कार्य सम्पन्न गरिएको छ।

(४४) चालु आर्थिक वर्षमा १०२ वटा योजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन लगिएकोमा हालसम्म ९१ वटा योजनाहरुको कार्यसम्पन्न भई फरफारक एवं भुक्तानी भईसकेको छ। यसरी हेर्दा करिव ९० प्रतिशत योजनाहरुको असार महिनाको पहिलो हप्तासम्ममा भुक्तानी भई सकेको देखिन्छ। बाँकी ८ वटा योजनाहरु अनुगमनको प्रक्रियामा रहेको छ भने ३ वटा योजनाहरु कार्यान्वयनमा नआएको पाईन्छ। आगामी आर्थिक वर्षमा योजनाहरुको कार्यसम्पन्न र फरफारकको कार्य ढिलोमा जेष्ठ मसान्तसम्म गर्ने तर्फ हामी प्रतिवद्ध रहेका छौं।

सभाध्यक्ष महोदय,

अव म आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न गईरहेको छु।

क. भौतिक पूर्वाधार विकास गरी आमनागरिकको जीवनस्तरमा सहजता तुल्याउनु,
ख. स्थानीय उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्नु,
ग. सार्वजनिक सेवा प्रवाहलाई स्थानीय स्तरबाट प्रभावकारी बनाई समग्र सुशासनको प्रत्याभूत गर्नु,
घ. उपलब्ध स्रोतसाधनलाई सन्तुलित र समन्यायिक ढङ्गले परिचालन गरी आर्थिक असमानता र गरिबी न्यूनीकरण गर्नु,
ङ. गाउँपालिकाको मौलिक धार्मिक सम्पदा, संस्कृति तथा कलाको संरक्षण र सम्वर्द्धन गर्दै स्थानीय पर्यटन क्षेत्रको विकास र विस्तार गर्नु।

माथि उल्लिखित उद्देश्य हासिल गर्न देहाय बमोजिमका क्षेत्रगत प्राथमिकता निर्धारण गरेको छु।

क. सामाजिक क्षेत्रको विकास, सामाजिक सुरक्षा र गुणस्तरीय भौतिक पूर्वाधार विकास,
ख. कृषि, पर्यटन क्षेत्रको विकास र विस्तार एवं सूचना प्रविधिको उच्चतम उपयोग,

ग. गैरसरकारी संघ संस्थाहरुसँगको समन्वय र सहकार्यमा पूर्वाधार क्षेत्रको विकास तथा सेवा प्रवाहमा साझेदारी निर्माण,

घ. वातावरणमैत्री विकास मार्फत वातावरण संरक्षण, विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन,

ङ. मानव संशाधन विकास, सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी, सर्वसुलभ बनाई स्थानीय सेवामा नागरिकको सहज पहुँच।

**सभाध्यक्ष महोदय,**

अव म आगामी आर्थिक वर्षको बजेटका मूख्य मूख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१२. किसान सूचीकरण कार्यक्रम, मकै बाली प्रवर्द्धन, एकल महिला लक्षित कृषि प्रवर्द्धन, माटो परीक्षण, आकस्मिक रोग किरा नियन्त्रण, च्याउ खेती तालिम तथा प्रवर्द्धन र वर्ण शंकर धानको विउ खरिद, दुग्ध, मासु जस्ता उत्पादनलाई उत्पादनमा आधारित कृषि अनुदान कार्यक्रम लगायतको शीर्षकहरुमा गरी कृषि विकास तर्फ रु ९० लाख ५१ हजार बजेट विनियोजन गरेको छु।

१३. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम, सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण, नमूना युवा कार्यक्रम, ५० प्रतिशत अनुदानमा रिटर्नी उद्यमशीलता कार्यक्रम, स्थानीय उत्पादन र रोजगारी सिर्जना गर्ने उद्देश्यका साथ होमस्टे तालिम सञ्चालन र कैलाश गाउँपालिकामा उत्पादित कृषि उपजहरुको प्रचार प्रसार र उत्पादकत्व एवं खपत अभिवृद्धि गर्न मासिक हाट बजार सञ्चालन र सोको लागि आवश्यक संरचना निर्माण गर्न समेतका लागि उद्योग विकास तर्फ रु ३१ लाख बजेट विनियोजन गरेको छु।

१४. कैलाश गाउँपालिकालाई आन्तरिक र वाह्य पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न गुसेश्वरी मन्दिर सिढी निर्माण, जिपलाईन पूर्वाधार निर्माणको क्रमागत योजनाको कार्य पुरा गर्न एवं देखारी पर्यटन विकासको लागि प्याराग्लाईडिङ् सम्भाव्यता अध्ययन लगायतका क्षेत्रमा गरी पर्यटन तर्फ रु ५४ लाख बजेट विनियोजन गरेको छु।

१५. सिंचाईको सुविधा प्रदान गरी खेतीयोग्य क्षेत्रको वढोत्तरी गर्न सिंचाई तर्फ विभिन्न योजनाहरु गरी रु ५७ लाख ३५ हजार बजेट विनियोजन गरेको छु।

१६. त्यसै गरी पशुपन्छी विकास तर्फ रु २२ लाख ७२ हजार बजेट विनियोजन गरेको छु। यस अन्तर्गत महामारी तथा आकस्मिक रोग नियन्त्रण, कृत्रिम गर्भाधान, अपाङ्गता भएका व्यक्ति लक्षित कृषि रोजगार कार्यक्रम, छाडा कुकुर बन्ध्याकरण, पशु वीमा, पशु पन्छी रोग अन्वेषण नमूना संकलन तथा पोषण कार्यक्रम लगायतका कार्यक्रमहरु रहेका छन।

१७. संघीय सशर्त बजेट अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि रु ७१ लाख ७१ हजार बजेट विनियोजन गरिएको छ। यसरी समग्रमा आर्थिक विकास तर्फ रु ३ करोड २७ लाख २९ हजार बजेट विनियोजन गरेको छु।

१८. गाउँपालिकाले ठूला प्रकृतिका सडक पूर्वाधार निर्माणको लागि संघीय र प्रदेश सरकारसँगको साझेदारीमा समपुरक योजनाहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ। मनहरी खोला पक्की पुल देखि नामटार कालिकाटार सडकको सल्याव ढलान तथा कालोपत्रेका लागि वहुवर्षीय योजना अन्तर्गत संघको रु ६५ लाख र गाउँपालिकाको रु ७० लाख गरी रु १ करोड ३५ लाख बजेट विनियोजन गरेको छु। त्यसैगरी किर्तिमानडाँडा हुँदै बनझाक्री खोलासम्म सडक स्तरोन्ति र सालबास हुँदै सानोडाँडाखर्क सडक स्तरोन्नतिका लागि प्रदेश सरकारको क्रमशः रु १/१ करोड र गाउँपालिकाको रु १/१ करोड गरी ४ करोड बजेट विनियोजन गरेको छु।

१९. किर्तिमानडाँडा फास्टार भार्ता वाक्सिराङ सडक चालु आर्थिक वर्ष २०८०/०८१ मा ठेक्का आव्हान गरी सम्झौता गरी वहुवर्षीय योजनाको रुपमा कार्यान्वयनमा रहेको सो योजना सम्पन्न गर्न रु ६० लाख बजेट विनियोजन गरेको छु।

२०. वडाहरुको प्राथमिकताका आधारमा सडक पूर्वाधार स्तरोन्नति र विकासका योजना तथा कार्यक्रमहरु समेत गरी यातायात पूर्वाधार विकास तर्फ रु ९ करोड ४४ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

२१. भवन आवास तथा सहरी विकास तर्फ रु १ करोड ६० लाख बजेट विनियोजन गरेको छु। यस अन्तर्गत नामटार स्वास्थ्य चौकी भवन निर्माणलाई निरन्तरता कार्यक्रम स्वरुप प्रदेश सरकारबाट रु २५ लाख बजेट विनियोजन भएको छ। ९ नं. वडा कार्यालयको प्रशासकीय भवन निर्माणको लागि रु २० लाख बजेट विनियोजन गरेको छु। सो भवनका लागि जिल्ला समन्वय समितिको कार्यालयसँग म्याचिङ्ग फण्ड गरी थप बजेट व्यवस्था गरिने प्रवन्ध मिलाएको छु।

२२. गाउँपालिकाका स्थानीय नागरिकहरुमा श्रमदान गर्ने संस्कृतिको विकास गरी आफ्नो टोल, वस्ती , वडा क्षेत्रमा रहेका मठ मन्दिर, चौतारा, खोला किनार, बजार क्षेत्र सार्वजनिक स्थलको सरसफाइ गर्न तथा सडक गोरेटोबाटो निर्माण विद्यालय वा सार्वजनिक भवन निर्माणका लागि सामाग्री संकलन एवं निर्माण कार्यमा स्वतःस्फूर्त रुपमा जनश्रमदान जुटाई परिचालन गर्न उपाध्यक्षसँग श्रमदान कार्यक्रमलाई निरन्तरता दिईएको छु। यस कार्यक्रमका लागि रु ६ लाख बजेट विनियोजन गरेको छु।

२३. सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ रु ७६ लाख ५ हजार ७ सय १८ रुपैंया बजेट विनियोजन गरेको छु। कर्मचारी क्षमता विकास तालिम, समृद्ध कैलाश रेडियो कार्यक्रम सञ्चालन तथा गाउँपालिका क्षेत्रभित्र रहेका वडा कार्यालय, स्वास्थ्य संस्था लगायतमा इन्टरनेट व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

२४. त्यसै गरी सार्वजनिक सुनुवाई, मेलमिलापकर्ता पुनर्ताजकी तालिम तथा समुदायमा एक दिवसीय कानून अनुशिक्षण कार्यक्रमका साथै समूदायसँग न्यायिक समिति कार्यक्रम सञ्चालन र गाउँपालिकाको आवधिक योजना निर्माण गर्न आवश्यक बजेटको प्रवन्ध गरेको छु।

२५. कैलाश गाउँपालिकाका युवावर्गहरुमा रहेको खेलकुद सम्बन्धी अन्तर्निहित क्षमताको प्रस्फुटन गरी गाउँपालिकास्तर, जिल्लास्तर हुँदै राष्ट्रियस्तरका खेलाडीहरु निर्माण गर्न अध्यक्ष कप फुटवल तथा उपाध्यक्ष कप भलिवल प्रतियोगितालाई निरन्तरता दिएको छु। यसका लागि क्रमशः रु ८ लाख र

५ लाख बजेट विनियोजन गरेको छ। समग्रमा युवा तथा खेलकुद तर्फ रु ४० लाख ५० हजार बजेट विनियोजन गरेको छ।

**सभाध्यक्ष महोदय,**

२६. आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि खानेपानी तथा सरसफाइ तर्फ संघ, प्रदेश र गाउँपालिकाको समेत गरी रु २ करोड ८५ लाख ६० हजार बजेट विनियोजन गरेको छ। यस अन्तर्गत महभीरखोला खानेपानी योजना प्रदेश विशेष कार्यक्रमका लागि रु ५३ लाख, कैलाश गाउँपालिका वडा नं. ७ मा एक घर एक धारा खानेपानी पूर्वाधार अन्तर्गत प्रदेश सशर्त बजेट स्वरुप ५४ लाख बजेट विनियोजन हुनुका साथै सोही वडाका लागि प्रदेश सशर्त कार्यक्रम अन्तर्गत एक घर एक शौचालय निर्माणका लागि रु २७ लाख बजेट विनियोजन भएको छ।

२७. नेपाल ग्रामीण पुनर्निर्माण संस्था (RRN) सँग साझेदारीमा खानेपानी योजनाका कार्यहरु गर्नका लागि रु ३० लाख विनियोजन गरेको छ। गाउँपालिका, नेपाल ग्रामीण पुनर्निर्माण संस्था र स्थानीयबासीको लागत तथा जनश्रमदानबाट आफ्नो टोल वस्तीमा निर्माण हुने खानेपानी आयोजनाप्रति स्वामित्व र अपतन्वभाव सिर्जना हुने अपेक्षा लिएको छु।

२८. कैलाश गाउँपालिकाको ऐतिहासिक, मौलिक संस्कृति र रहनसहनको संरक्षण र सम्वर्द्धन गर्न घाटुनाच, मारुनी नाच, तामाङ्ग भाषा र संस्कृति र मगर नौमती बाजा संरक्षण गर्नुका साथै धार्मिक, पर्यटकीय तथा ऐतिहासिक स्थलको फोटोहरु संकलन गरी स्थानहरुको प्रचारप्रसार गरी गाउँपालिकाको पहिचान विस्तार गर्न उल्लिखित शीर्षकहरु अन्तर्गतको भाषा तथा संस्कृति प्रवर्द्धनमा रु १४ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

२९. आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान शीर्षकमा संघीय सशर्त अन्तरगत रु ८ करोड ५० लाख ५२ हजार विनियोजन गरिएको छ। प्रारम्भिक बाल विकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापनका लागि संघीय सशर्त बजेट रु १ करोड ३४ लाख ४५ हजार बजेट विनियोजन गरेको छ भने सामुदायिक विद्यालयका प्रधानाध्यापक, बाल विकास शिक्षक र विद्यालय कर्मचारीहरुको

थप तलब भत्ता शीर्षकमा गाउँपालिकाबाट रु ६० लाख ५० हजार बजेट विनियोजन गरेको छ।

३०. शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्यांकन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षणका लागि रु १३ लाख ८५ हजार बजेट विनियोजन गरिएको छ। यो संघीय सशर्त बजेट अन्तर्गत रहेको छ।शिक्षकहरुको क्षमता अभिवृद्धि गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न विभिन्न क्षमता विकास तालिमहरुको लागि बजेट व्यवस्था गरेको छ। विद्यालयको अनुगमन तथा सुपरिवेक्षणलाई सघन बनाउन रु २ लाख बजेट विनियोजन गरेको छ।

३१. आगामी आर्थिक वर्षमा गाउँपालिकाको समग्र शैक्षिक गतिविधिको गुणस्तर प्रवर्द्धन र सुधारको मार्गचित्र समेटी गाउँ शिक्षा योजना तर्जुमा गर्नका लागि रु ५ लाख बजेट विनियोजन गर्नुका साथै कैलाश गाउँपालिकाका सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई आफ्नो गाउँपालिकाको भौगोलिक, ऐतिहासिक, सांस्कृतिक सम्पदा, जातजाती, भाषाको मौलिक ज्ञान सहितको स्थानीय पाठ्यपुस्तक तयारी गरी विद्यालयमा शिक्षण गर्न रु ८ लाख बजेट विनियोजन गरेको छ।

३२. त्यसैगरी सामुदायिक विद्यालयमा भएको जग्गाको उपयोग गरी स्थानीय उत्पादन गरी उत्पादित उपजलाई विद्यार्थीको दिवाखाजाका रुपमा उपयोग गर्न तत्पर विद्यालयलाई पाइलोटिङ्गको रुपमा प्रस्तावनाका आधारमा शत प्रतिशत अनुदान प्रदान गर्न रु २ लाख बजेट विनियोजन गरेको छु। गरिव, जेहेन्दार, सीमान्तकृत, अल्पसंख्यक, प्राविधिक छोरी बुहारी, दलित तथा अपाङ्गता भएका विभिन्न विद्यामा अध्ययतरत विद्यार्थीहरुलाई गाउँपालिकाको स्वीकृत छात्रवृत्ति कार्यविधि बमोजिम छात्रवृत्ति प्रदान गरिनेछ। छात्रवृत्ति कार्यक्रमका लागि रु ८ लाख बजेट विनियोजन गरेको छु। समग्रमा शिक्षा तर्फ संघीय, प्रदेश र गाउँपालिकाको समेत गरी रु १५ करोड ३२ लाख ८१ हजार बजेट विनियोजन गरिएको छ।

**सभाध्यक्ष महोदय,**

३३. मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, सुरक्षित निःशुल्क गर्भपतन र नवजात शिशुको निःशुल्क उपचार कार्यक्रमका लागि संघीय सशर्त कार्यक्रम अन्तर्गत रु २० लाख बजेट विनियोजन गरिएको छ। त्यसैगरी सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि आयआर्जन अनुदान, परिवार योजना सेवा, प्रजनन् रुग्णता स्वास्थ्य सेवा, एक विद्यालय एक नर्स, पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन, गर्भवती तथा सुत्केरी महिला पोषण प्रर्वद्धन तथा रक्षा कार्यक्रम लगायत स्वास्थ्य तर्फ गाउँपालिकाबाट विनियोजित रु ६१ लाख ४ हजार र संघीय तथा प्रदेश सरकार समेतको गरी रु ३ करोड ४० लाख ५० हजार बजेट विनियोजन गरेको छु।

३४. बालविवाह अन्त्यका लागि समुदाय परिचालन, बावु आमा विहिन बालबालिका संरक्षण, अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना सहयोग लगायतका कार्यक्रमको लागि प्रदेश सरकारबाट सशर्त कार्यक्रम स्वरुप रु १० लाख २ हजार बजेट विनियोजन गरेको छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (जेसी अडिट), घरेलु हिंसा, सामाजिक विभेद तथा लैङ्गिक हिंसा न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रम, अपाङ्गता भएका व्यक्तिहरुका लागि आय आर्जनमूलक कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

३५. अध्यक्षसँग विपन्न नागरिक कार्यक्रमलाई निरन्तरता दिदैं आगामी आर्थिक वर्षको लागि रु ६ लाख बजेट विनियोजन गरेको छु। बाल विवाह न्यूनीकरण गर्न गाउँपालिकाले अभियानको रुपमा विगतका आर्थिक वर्ष देखि चेली प्रोत्साहन कार्यक्रम सञ्चालन गर्दै आएको छ। गाउँपालिकाको सीमान्तकृत एवं लक्षित वर्गको परिवारमा बाल विवाहलाई निरुत्साहित गर्न र महिलाहरुको उच्च तहको शिक्षा प्राप्त गर्ने संख्यात्मक परिमाणमा वढोत्तरी गर्न यस कार्यक्रमलाई निरन्तरता दिएको छु। चेली प्रोत्साहन कार्यक्रमका लागि रु ४ लाख बजेट विनियोजन गरेको छु।

३६. ज्येष्ठ नागरिकसँग जनप्रतिनिधि कार्यक्रम अन्तर्गत आर्थिक रुपमा विपन्न र निश्चित उमेर पुगेका ज्येष्ठ नागरिकहरुको पहिचान गरी गाउँपालिकाले जाडो

मौसममा न्यानो कपडा तथा पौष्टिक खाद्य वस्तु प्रदान गर्नका लागि सो शीर्षकमा रु ४ लाख बजेट विनियोजन गरेको छु।

३७. विद्यालयका वालवालिका तथा किशोर किशोरीहरुको अन्तरनिहित क्षमता प्रस्फूटन गर्न, आफ्नो अधिकार र कर्तव्य सम्बन्धी विषय, गाउँपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार लगायतका समसामयिक विषयमा वहस तथा अन्तरक्रिया गर्न अध्यक्षसँग किशोर किशोरी अन्तरक्रिया कार्यक्रममा बजेट विनियोजन गरेको छु।त्यसैगरी गाउँपालिकाको सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ८ देखि कक्षा १२ सम्मका किशोरी विद्यार्थीहरुलाई यौनजन्य हिंसा तथा बाल दुर्व्यवहारबाट बच्न र त्यस्ता क्रियाकलापहरुको प्रतिकार्य गर्न सक्षम बनाउन किशोरी सुरक्षा तथा आत्मरक्षा सीप विकास तालिम प्रदान गर्नका लागि आवश्यक बजेटको प्रवन्ध गरेको छु। समग्रमा लैङ्गिक समानता र समावेशीकरण तर्फ रु ५२ लाख २ हजार बजेट विनियोजन गरेको छु।

३८. युवा तथा खेलकुद, खानेपानी तथा सरसफाइ, भाषा तथा संस्कृति, शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता र समावेशीकरण लगायत गरी सामाजिक विकास तर्फ रु २२ करोड ६५ लाख ९३ हजार बजेट विनियोजन गरेको छु।

३९. विपद् पूर्व तयारी, विपद् सम्बन्धी सचेतना प्रशारण, उद्धार, राहत लगायतका कार्य गर्न रु ३० लाख बजेट विनियोजन गरेको छु। विपद् प्रभावित नागरिकहरुलाई आर्थिक सहायताका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु। विपद् व्यवस्थापनका लागि रु ४४ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

**सभाध्यक्ष महोदय,**

अव म बजेटमा उल्लिखित क्षेत्रगत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु।

४०. आगामी आर्थिक वर्षका लागि माथि उल्लिखित बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न कुल खर्च रु ४८ करोड ९२ लाख ६७ हजार ७ सय १८ रुपैंया विनियोजन गरेको छु। जस अन्तर्गत चालु खर्च तर्फ रु ३३ करोड १२ लाख ४७ हजार ७ सय १८ रुपैंया अर्थात ६७.७० प्रतिशत र पूँजीगत तर्फ रु १५ करोड ८० लाख २० हजार अर्थात  ३२.३० प्रतिशत रहेको छ।

४१. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये संघीय सरकारबाट क्रमशः वित्तीय समानीकरणमा रु ९ करोड ४ लाख, सशर्तमा रु १७ करोड ६८ लाख, राजश्व बाँडफाँटमा रु १० करोड ५४ लाख १८ रुपैंया र समपुरक अनुदानमा रु ६५ लाख गरी जम्मा रु ३७ करोड ९१ लाख १८ रुपैंया व्यहोरिनेछ। त्यसैगरी प्रदेश सरकारबाट क्रमशः वित्तीय समानीकरणमा रु ८४ लाख ३२ हजार, सशर्तमा रु २ करोड ९५ लाख ६० हजार, विशेष अनुदानमा ५३ लाख, समपुरक अनुदानमा रु २ करोड र राजश्व बाँडफाँटमा रु २ करोड ५३ लाख ३६ हजार ७ सय गरी जम्मा रु ८ करोड ८६ लाख २८ हजार ७ सय व्यहोरिनेछ। साथै गाउँपालिकाको चालु आर्थिक वर्षको अनुमानित अल्या रकम रु १ करोड २७ लाख ७० हजार र आगामी आर्थिक वर्षको लागि आन्तरिक आयबाट रु ७० लाख ५३ हजार व्यहोरिनेछ।

**सभाध्यक्ष महोदय तथा सम्मानित सभामा उपस्थित सम्पूर्ण गाउँसभा सदस्यज्यूहरु,**

४२. बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने स्थानीय राजनीतिक दलका प्रतिनिधिज्यूहरु, समाजसेवी तथा वुद्धिजीवि वर्गहरु, विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, शिक्षकहरु, निजी उद्यमी तथा व्यवसायीहरु, गैरसरकारी संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरु, सुरक्षाकर्मी, सञ्चारकर्मी मित्रहरु एवं सम्पूर्ण कैलाश गाउँपालिकाबासीहरुबाट प्राप्त सुझाव, सहयोग र सल्लाहप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

४३. अन्त्यमा, आगामी आर्थिक वर्षको बजेट नीति तथा कार्यक्रमको कार्यान्वयनमा सम्बन्धित सबै सरोकारवाला पक्षहरुबाट रचनात्मक सहयोग प्राप्त हुने अपेक्षा गरेको छु।

धन्यवाद।